# मध्यबिन्दु नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
### (शिक्षा शाखा)

नवलपरासी (वर्दघाट सुस्ता पूर्व जिल्ला)
गण्डकी प्रदेश, नेपाल

प.सं.: ०७५/०७६
च.नं.

मिति:२०७६/०२/३०

श्री सवै सामुदायिक विद्यालयहरु

मध्यविन्दु नगरपालिका ,नवलपरासी (व.सु.पू )

विषयः प्रस्ताव पेश गर्ने सम्वन्धी  सूचनाहरु

<u>सूचना नं. १</u>  उत्कृष्ट सिकाइ उपलब्धी भएका विद्यालयलाई सिकाई सुदृढिकरण सम्वन्धी अनुदान सम्वन्धमा

उत्कृष्ट सिकाइ उपलब्धि भएका माध्यमिक विद्यालयहरु मध्ये उत्कृष्ट नतिजा हासिल गर्न सफल एउटा माध्यमिक विद्यालयलाई प्रस्ताव पत्रको आधारमा छनौट गरी एकमुष्ट रु २०००००।- अक्षररुपी दुई लाख रुपैया मात्र प्रोत्साहन स्वरुप अनुदान रकम दिन सकिने व्यवस्था भएकोले एक हप्ता भित्र निम्नानुसार प्रस्ताव पेश गर्नु हुन अनुरोध छ ।

निम्न

१ सिकाइ उपलब्धि थप वृद्धि गर्न र आफ्ना असल अभ्यासहरु न्यून सिकाइ उपलब्धि भएका विद्यालयहरुलाई आदन प्रदान गर्नका लागि प्रर्वनात्मक कृयाकलाप सहितको प्रस्ताव पत्र पेश गर्नु पर्ने । साथै सो प्रस्ताव कार्यक्रम कार्यन्वयन निदेर्शीकाको अनुसूची ५ लाई  समेत ध्यानमा राखि तयार गरी प्रमाणित गरी पेश गर्नु पर्ने ।

२. कार्यक्रम कार्यनवयन पुस्तिका २०७५/०७६ को यसै साथ संलग्न उक्त अनुसूचि ५ को आधारमा उत्कृष्ट विद्यालय छनौट गरिने ।

३.उत्कृष्ट विद्यालयको रुपमा छनौट भई निकासा प्राप्त गरेमा स्वीकृत प्रस्ताव अनुसार कियाकलाप सञ्चालन गरी सोको आवधिक प्रगति प्रतिवेदन यस स्थानीय तहमा दिनु पर्ने र स्थानीय तहले अनुदान रकमको उपयोगको अवास्था बारे अनुगमन गर्ने ।

<u>सूचना नं. २</u> तोकिएका सूचाङ्कको आधारमा कार्य सम्पन्न गर्ने विद्यालयलाई कार्य सम्पादनमा आधारित अनुदान सम्बन्धमा

विद्यालय अनुदान व्यवस्थापन निर्दोशीका,२०७४ मा उल्लेखित कार्य सम्पादन मूल्याङ्कन सूचकका आधारमा विद्यालयहरुले प्रस्ताव पेश गर्नु हुन अनुरोध छ । प्राप्त प्रस्तावका आधारमा विद्यालयको कार्य सम्पादन स्तरको मुल्याङ्कन गरी सो आधारमा ३ वटा विद्यालयहरु छनौट गरी प्रति विद्यालय रु ५००००।- मात्रका दरले कार्य सम्पादनमा आधारित अनुदान उपलब्धि गराइने छ ।  प्राप्त अनुदानबाट विद्यालयले

शौक्षिक गुणस्तर सुधारका क्षेत्र पहिचान गरी व्यवस्थापन समितिबाट निर्णय गराइ खर्च गर्नु पर्ने छ । यस भन्दा अगाडी यस खालको अनुदान नपाएको तथा शिक्षण सिकाई समयमापन सम्वन्धी कार्य विधि लागु गरेको सुनिस्चितता गर्नु पर्नेछ ।

**सूचना नं. ३** शिक्षकको शिक्षण सिकाईमा विताउने समयावधी सुधार योजना कार्यान्वयन सम्वन्धमा

शिक्षक विद्यार्थी नियमितता मार्फत शिक्षण सिकाई समयलाई अधिकतम उपयोग गरी प्रभावकारी शिक्षण सिकाइ कृयाकलापमा शिक्षकहरुको जवाफदेहीता तथा विद्यार्थी सिकाई उपलब्धि अभिवृद्धिमा सहजीकरण गर्ने गरी शिक्षण सिकाइ समय मापन कार्यान्वयन कार्यविधि २०७४ लागु गर्ने निर्णय विद्यालय व्यवस्थापन समितिबाट आए पछि उक्त कार्यविधिका आधारमा प्रति विद्यालय रु २००० ।-का दरले निकासा दिइने छ । यस शीर्षकमा प्राप्त रकमलाई विद्यालयले व्यवस्थापकीय क्षेत्रमा खर्च गर्न सक्ने छन् । कार्य सम्पादनको अनुगमन र शिक्षक नियमितताको अनुगमन नियमानुसार हुने छ ।

**सुचना नं. ४** गणित ,विज्ञान र अंग्रेजी विषयका लागि कियाकलापमा आधारित सामाग्री KITS अनुदान सम्वन्धमा

यस भन्दा अगाडी यस खालको अनुदान नपाएका आधारभूत तह कक्षा ६-८का लागि प्रति विद्यालय रु ५००००।-का दरले ३ वटा विद्यालयलाई गणित ,विज्ञान र अंग्रेजी विषयका लागि कृयाकलापमा आधारित सामाग्री KITS व्यवस्थापनका लागि अनुदान दिने व्यवस्था भएकोले कक्षा८ सम्म सञ्चालन भएका र यस खालको अनुदान नपाएका भए विद्यालय व्यवस्थापन समितिको निर्णय सहित माग गर्नु हुन अनुरोध छ । निर्धारित सख्या भन्दा वढी माग भएमा नगरपालिमा द्वारा छनौटका निश्चित आधारहरु बनाइ निर्णय गरी उपलब्ध गराइने छ । यस खालको अनुदान प्राप्त गर्ने विद्यालयहरुले पाठयकम विकास केन्द्रबाट विकास एवम स्विकृत भएका गणित,विज्ञान र अंग्रेजी विषयका सामाग्रीहरु व्यवस्था गरी विद्यालयको शिक्षण सिकाइ कृयाकलापमा सहजीकरण गर्ने व्यवस्था मिलाउनु पर्ने छ ।

देवीराम अर्याल

शिक्षा शाखा

मध्यविन्दु नगरपालिका नगर कार्यपालिकाको कार्यालय (शिक्षा शाखा) नवलपरासी (ब.सु.पू.)

बोधार्थ

श्री सूचना तथा प्रविधि शाखा

मध्यविन्दु नगर कार्यपालिकाको कार्यालय

चोरमारा : यो सूचना website मा राख्नु हुन ।

अनुसूची ५

## उत्कृष्ट विद्यालय छनौटका आधारहरु

अ) एसईई परीक्षाफलमा आधारित अङ्क ६० अङ्क

(एसईईको परीक्षा २०७४ को नतिजा अक्षराङ्कन पद्धतिमा प्रकाशन भएको र प्रत्येक विद्यार्थीले प्राप्त गरेको GPA अङ्क ०.८० देखि ४.०० सम्म रहेकोले देहायअनुसारको सूत्र प्रयोग गर्ने)

( सूत्र : ( प्रत्येक GPA ल्याउने विद्यार्थी सङ्ख्यालाई सोही GPA ले गुणन गरी आएको समष्टिगत योगफल / परीक्षामा सम्मिलित विद्यार्थी सङ्ख्या *४)*६०)

आ) कक्षा ९ को विद्यार्थी भर्नामा आधारित अङ्क १० अङ्क सूत्र (ख/ग*१०)

इ) विद्यालयको औषत सिकाइ उपलब्धिमा आधारित अंङ्क १० अङ्क सूत्र (विद्यालयले प्राप्त गरेको औसत सिकाइ उपलब्धि/जिल्लाको विद्यायल तहको औसत सिकाइ उपलब्धि*१०)

ई) एसईई परीक्षाको उत्तीर्णाङ्क प्रतिशतमा आधारित अङ्क १० अङ्क सूत्र (पछिल्लो ३ वर्षको उत्तीर्ण प्रतिशतको औसत *१/१०)

उ ) एसईई परीक्षामा समावेश गराइएको विद्यार्थी सङ्ख्यामा आधारित अङ्क १० अङ्क

( सूत्र : (एसईई परीक्षामा समावेश गराइएको विद्यार्थी सङ्ख्या/ राष्ट्रिय विद्यार्थी औसत सङ्ख्या (४५) ( छनौटको तह अनुसार )

सङ्केत

क) एसईई परीक्षा समावेश गरिएका कुल विद्यार्थी सङ्ख्या

ख) एसईई परीक्षाका सबै विषयमा सहभागी भएको कुल विद्यार्थी सङ्ख्या

ग) कक्षा ९को विद्यार्थी भर्ना सङ्ख्या ( रजिष्ट्रेसनको आधारमा)

बुँदा न. ( उ) मा भएको एसएलसी परीक्षा समावेश गराइएको विद्यार्थी सङ्ख्यामा आधारित अङ्क गणना गर्दा देहायअनुसार गर्ने।

१. विद्यालय छनौटका लागि एसईई परीक्षा समाविष्ट राष्ट्रिय विद्यार्थी औसत विद्यार्थी सङ्ख्याले सम्बन्धित विद्यालयले एसईई परीक्षा समाविष्ट गराएको विद्यार्थी सङ्ख्यालाई भाग गरी आएको अङ्क तर यसरी आएको अङ्क बढीमा १० अङ्कसम्म मात्र गणना गर्ने।